वास्तवमा, तिम्रो पालनकर्ता लजालु र उदार हुनुहुन्छ। जब कुनै व्यक्तिले उहाँको अगाडि आफ्ना हातहरू उठाउँछ, तब उहाँले आफ्ना भक्तका हातहरू खाली फर्काउन लाज मान्नुहुन्छ।

सलमान ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "वास्तवमा, तिम्रो पालनकर्ता लजालु र उदार हुनुहुन्छ। जब कुनै व्यक्तिले उहाँको अगाडि आफ्ना हातहरू उठाउँछ, तब उहाँले आफ्ना भक्तका हातहरू खाली फर्काउन लाज मान्नुहुन्छ।"
[हसन] [अबू दाउद, तिर्मीजी र इब्ने माजहले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले दुआ गर्दा हात उठाउन प्रोत्साहित गर्नुभयो। सर्वशक्तिमान अल्लाह (हय्य) धेरै लजालु र (करीम) अर्थात् उदार हुनुहुन्छ; उहाँले कृपा र वरदान प्रदान गर्न कहिल्यै छोड्नुहुन्न। उहाँले भक्तका लागि त्यही गर्नुहुन्छ, जसले सेवकलाई वास्तविक रूपमा खुसी पार्छ र उसलाई हानि पुऱ्याउने कुरा टारिदिनुहुन्छ। अल्लाह यति धेरै उदार हुनुहुन्छ कि नमाग्दै पनि सबैथोक दिनुहुन्छ, भनेपछि मागेपछि त पक्कै दिनुहुन्छ! जब कुनै साँचो भक्तले उहाँसँग हात फैलाएर प्रार्थना गर्छ, अल्लाहलाई ती हातहरू रित्तो, खाली र निराश बनाएर फर्काउन लाज लाग्छ।

http://sunnah.global/hadeeth/ne/show/5499